सैनामैना नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १) सैनामैना, चैत्र महिना १९ गते, २०७४ साल (संख्या १२


## भाग- २
## सैनामैना नगरपालिका

सैनामैना नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सैनामैना नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपसार तथा बिक्री वितरण गर्ने कार्यविधि, २०७४

**प्रस्तावना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम रूपन्देही जिल्लाको यस नगरपालिका क्षेत्रका विभिन्न नदीहरुबाट नदीजन्य पदार्थ निकाली बिक्री वितरण गर्ने, नगरक्षेत्र भित्रको दर्तावाला जग्गाको माटो उत्खनन गर्ने, ओसारपसार गर्ने, घाटगड्डी निकासी कर लगाउने, परापुर्व देखि जोतभोग गर्दै आएको जमिन सम्याउने र ढुङ्गा, गिट्टी बालुवाको संकलन तथा उत्खनन गर्ने काम र साको प्रशोधन तथा बिक्री वितरण गर्ने कामलाई पृथकीकरण (Unbundling) गरी त्यसरी उत्खनन तथा सङ्कलन गरेको रोडा, ढुङ्गा, गिट्टी, बालुवा घाटगड्डी गर्न इजाजत दिने ।

उल्लिखित अवस्थामा नगर क्षेत्र भित्र नदीजन्य पदार्थको अभाव हुन नदिई

सहज आपूर्ति गर्न, निषेधित क्षेत्रबाट नदीजन्य पदार्थ चोरी उत्खनन तथा निकासीलाई निरुत्साहित गर्न र EIA/ IEE स्वीकृत भएको स्थलबाट नदीजन्य पदार्थको उत्खनन, वितरण तथा ओसारपसार, नगरक्षेत्र भित्रको दर्तावाला जग्गाको माटो उत्खनन गर्ने, ओसार पसार गर्ने, घाटगड्डी गर्ने, निकासी कर लगाउने, परापुर्व देखि जोतभोग गर्दै आएको जमिन सम्याउने गर्दा वातावरण मैत्री व्यवहार अपनाउन आवश्यक भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद–३, दफा ११ को उपदफा (२) को खण्ड (घ) को उपखण्ड (६)सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा कर उठाउने कार्यको स्थानीय तहलाई स्वायत्त अधिकार प्रदान गरेकोले स्थानीय तहले निर्देशिका बनाउन सक्ने कानूनी व्यवस्था गरेको र कार्यविधि बनाई लागू गर्न सक्ने अधिकार भएकोले नदीजन्य पदार्थ तथा अन्य पदार्थको उत्खनन, घाटगड्डी र वितरण सम्बन्धी वर्तमान व्यवस्थालाई थप प्रभावकारी बनाई लागु गर्न वाञ्छनीय देखिएकोले यो कार्यविधि बनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधिको नाम “सैनामैना नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपसार तथा बिक्री वितरण गर्ने कार्यविधि, २०७४” रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) “ ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) “मन्त्रालय” भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सो विषय सँग सम्बन्धित प्रदेश मन्त्रालय सम्झनु पर्छ ।

(ग) “अनुगमन समिति” भन्नाले दफा १० बमोजिम गठित अनुगमन समिति सम्झनु पर्छ ।

(घ) “नगर कार्यपालिका” भन्नाले सैनामैना नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) “नगर सभा” भन्नाले सैनामैना नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(च) “नदीजन्य पदार्थ” भन्नाले उत्खनन गर्न अनुमति भएको सार्वजनिक तथा नम्बरी जग्गा तथा नदी बगर क्षेत्रबाट उत्खनन गर्दा निस्कने

रोडा,ढुङ्गा, गिट्टी,बालुवा,मिस्कट,पाँगो,भष्कट र माटो समेतलाई जनाउने छ

(छ) "अन्य पदार्थ" भन्नाले नदी र नदी किनार बाहेकका कुनै व्यक्तिको स्वामित्वमा रहेको वा जोतभोगमा रहेको जग्गा उत्खनन गर्दा निस्कने माटो, ढुङ्गा तथा यस्तै प्रकृतिका अन्य प्राकृतिक श्रोत सम्झनु पर्छ ।

(ज). "EIA" भन्नाले नदीजन्य पदार्थ उत्खनन तथा ओसार पसार गर्न संघीय वा प्रदेश सरकारद्धारा स्वीकृत Environmental Impact Assisment (वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन) लाई जनाउने छ ।

(झ) "IEE" भन्नाले नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसार गर्न मन्त्रालय द्वारा स्वीकृत Initial Environmental Examination (प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन) लाई जनाउने छ ।

(ञ) "घाटगड्डी" भन्नाले तोकिएको नदी वा खोलाबाट नदीजन्य पदार्थ उत्खनन गरेर ल्याई राख्ने स्थल वा त्यस्तो पदार्थ उत्खनन स्थल समेतलाई जनाउने छ ।

३. **कार्यविधिको आवश्यकता :** सैनामैना नगरपालिकाको नदीजन्य पदार्थ निकाल्ने निषेध गरेको क्षेत्र, वन क्षेत्र, चुरे संरक्षण क्षेत्र रहेका र उक्त क्षेत्रबाट नदीजन्य पदार्थ चोरी निकासी हुन सक्ने प्रवल सम्भावना रहेकोले सो क्षेत्रको संरक्षण गरी चोरी उत्खनन नियन्त्रण गर्न आवश्यक रहेको छ । अर्को तर्फ जिल्लामा ठूला राष्ट्रिय गौरवका आयोजना तथा विकास आयोजनाहरु, नियमित सार्वजनिक विकास निमार्ण कार्य र निजी निमार्ण कार्य समेत तिब्र गतिमा अगाडि बढेको छ । यस अवस्थामा एकातर्फ निषेधित क्षेत्रको संरक्षण गर्नु परेको र अर्को तर्फ बजारमा नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न र नदीजन्य पदार्थको उत्खनन, वितरण तथा ओसार पसार गर्दा वातावरण मैत्री व्यवहार अपनाउन र नदीमा थुप्रिएर रहेको नदीजन्य पदार्थ हटाई विपद व्यवस्थापन गर्न आवश्यक भएकोले यस कार्यविधिको आवश्यकता परी नगर कार्यपालिकाले जारी गर्नु परेको हो ।

४. **कार्यविधिको उद्देश्य :** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसार गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका सर्तहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

(ख) नदीक्षेत्र र ओसारपसार गरिने मार्ग वरिपरिको वातावरण संरक्षण गर्ने,

(ग) नदीजन्य पदार्थको अधिक दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै यस्ता पदार्थको सहज आपूर्ति गर्ने प्रबन्ध मिलाउने ,

(घ) नदीजन्य पदार्थ उत्खनन तथा ओसार पासार गर्ने सन्दर्भमा संघीय सरकार तथा प्रदेश सरकारबाट भएका विभिन्न निर्णयहरुलाई स्थानीय विशेषता (Localize)का आधारमा कार्यान्वयन गर्न सहज तुल्याउने ,

(ङ) आम नागरिकलाई सुपथ मूल्यमा नदीजन्य पदार्थ उपलब्ध हुन सक्ने वातावरण सिर्जना गर्ने ,

(च) सार्वजनिक विकास निमार्णका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ,

(छ) परापूर्व देखि जोतभोग गर्दै आएको जग्गालाई सम्याउने र खेती प्रणालीलाई सुधार ल्याउने ,

(ज) नदीमा थुप्रिएर रहेको नदीजन्य पदार्थ हटाई विपदलाई न्यूनीकरण गर्ने ।

**५. कार्यविधीको क्षेत्र :** यो कार्यविधि सैनामैना नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

**६. नदीजन्य पदार्थको उत्खनन विधि :** यस कार्यविधि बमोजिम उत्खनन गर्दा उत्खननकर्ताले (ठेक्का भएका बखत ठेकेदार र ठेक्का नलागेका बखत उपभोक्ता स्वयम) देहायको सर्त तथा मापदण्ड पालना गनु पर्ने छ ।

(१) नदीजन्य पदार्थ उत्खनन गरिने क्षेत्रको परिमाण यकिन गर्दा सम्बन्धित स्थानीय तहका प्रतिनिधी, र स्थानीय बासिन्दा समेतको रोहवरमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाङ्कन गर्नु पर्ने ।

(२) उत्खनन पश्चात के कति परिमाण निकालेको रहेछ भनी नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण यकिन गरे पछि मात्र सो स्थानबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सीमा भित्रबाट मात्र उत्खननकर्ताले नदीजन्य वा अन्य पदार्थ उत्खनन गरी लैजान सक्ने ।

(३) अनुगमन समितिले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थको उत्खनन

तथा ओसारपसार गर्न अनुमति दिदा यस कार्यविधिको दफा २ मा उल्लेख भएको घाटगड्डीको दुई परिभाषा मध्ये कुनै एक स्थललाई घाटगड्डी निर्धारण गर्न सक्ने ।

(४) नदीजन्य पदार्थ उत्खनन गर्दा कार्यालयबाट खटिएका कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सीमाबाट मात्र हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गरी निकाल्ने भारी यान्त्रिक उपकरण प्रयोग गर्नु पर्ने कारण खुलाई मात्र प्रयोग गर्ने सकभर भारी यान्त्रिक उपकरण प्रयोग गर्ने कार्य लाई निरुत्साहित गर्ने ।

(५) उत्खनन गर्दा भारी यान्त्रिक उपकरणको प्रयोग सम्बन्धमा IEE/EIA प्रतिवेदनमा उल्लेख भएकाको हकमा सोही बमोजिम र अन्यको हकमा अनुगमन समितिको निर्णय बमोजिम गर्ने ।

(६) नदीजन्य पदार्थ उत्खनन गर्ने समय बिहान ७ बजे देखि प्रारम्भ गरी साँझ ६ बजे सम्म मात्र कायम गर्ने । अन्य समयमा उत्खनन गर्न नपाउने गरी अनुगमन संयन्त्रलाई प्रभावकारी तुल्याउने ।

(७) उत्खनन स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण नगरपनलिकाले स्थानीय सहमतिका आधारमा गर्ने । उत्खननका लागि सवारी साधन प्रवेश गर्दाका बखत यस कार्यविधिको अनुसूची १ बमोजिको ढाँचामा नदी प्रबेश आदेश लिएर मात्र उत्खनन गर्न नदीमा प्रवेश गर्न दिने । उत्खनन परिमाण खुलेको नदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने । यो अभिलेखको निरन्तर अनुगमन गर्ने ।

(८) परिमाण नियन्त्रका लागि दैनिक पटके उत्खनन अभिलेख खाता अनुसूची २ बमोजिको ढाँचामा उत्खनन स्थलमा राख्ने ।

(९) उत्खनन गरि सके पछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थलमा लगी छाड्नु पर्नेछ । उत्खनन गर्दा तोकिएको गहिराइ सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नु पर्नेछ । नदीको पानीको बहाव क्षेत्र परिवर्तन गर्न पाइने छैन ।

(१०) उत्खनन कार्यमा खटिने ठेकेदारले इ.आई.ए.(EIA) का सर्तका अलावा ठेक्का सर्त र अनुगमन समितिले बेला बेलामा दिइएको निर्देशन पालना

गर्नु पर्नेछ ।

(११) उत्खनन गरी निकालिएको नदीजन्य पदार्थ अन्यत्र लगी आफ्नो प्रयोगलाई चाहिने परिमाण भन्दा बढी हुने गरी सञ्चय गर्न निषेध गर्ने । कुनै संरचनाको निमार्णस्थल बाहेक उत्खनन स्थलको ३ कि.मी. भित्र उत्खनन गरिएको नदीजन्य पदार्थ हाते प्रविधिबाट प्रशोधन गर्न निषेध गर्ने ।

(१२) उत्खनन गर्दा पानीको सतह भन्दा १५ से.मी. माथि छाड्नु पर्नेछ । उत्खनन सम्बन्धी IEE/EIA का सवै सर्त पालना गर्नु पर्नेछ ।

(१३) उत्खनन स्थलमा ट्याक्टर, टिप्पर र ३५० घ.फीट सम्मका भारी ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउने ।

(१४) उत्खनन स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरी उत्खनन स्थलमा मलमूत्र त्याग गर्न निषेध गर्ने ।

(१५) उत्खननका लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरी उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगायतका जानकारीमूलक सूचना बोर्ड तयार गरी राख्ने ।

७. **नदीजन्य पदार्थको ओसारपसार गर्ने विधि :** नदीजन्य पदार्थ ओसारपसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नु पर्ने छ ।

(१) नदी प्रवेश आदेश लिई उत्खनन गरिने घाटमा प्रवेश गरी उत्खनन गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधिभर नदी प्रवेश आदेश र राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार सार गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदी प्रवेश आदेश र राजस्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्नेछ । पटके आदेशमा उल्लिखित विवरण ( मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार आदि ) अनुगमनका क्रममा फरक परेमा सर्त उल्लघन गरेको ठहर गर्ने ।

(३) नदीजन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसारपसार गर्ने समय बिहान ७:०० बजेदेखि साँझ ६:०० बजेसम्म र कार्तिक १६ देखि माघ १५ सम्म विहान ८:०० बजेदेखि साँझ ५:०० बजेसम्म मात्र कायम

गर्ने ।

(४) नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र ३०० घ.फु. सम्मको ट्रक/टिप्पर मात्रको प्रयोग गर्न दिने । सो को अनुगमनको प्रबन्ध नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

(५) नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने । सोको अनुगमनको प्रबन्ध नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

(६) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्ने छ र ४० कि.मी. प्रति घण्टाभन्दा बढी गतिमा हाँक्न पाउने छैन ।

(७) मूल बाटोबाट उत्खनन स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत सम्बन्धित नगरपालिकाले गर्ने र धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउने ।

(८) निजी प्रयोगका लागि भन्सार सुविधा लिई दर्ता भएका रातो प्लेट का सवारी साधनले नदीजन्य पदार्थ भाडा वा ठेक्कामा ढुवानी गर्न पाउने छैनन् ।

तर निर्माण व्यवसायीले कम्पनीको नाममा दर्ता भएका रातो प्लेटका सवारी साधन प्रयोग गर्न बाधा पर्ने छैन ।

(९) नदीजन्य पदार्थ लोड गरी ओसारपसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने । सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने ।

(१०) नदीजन्य पदार्थको ओसारपसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालना सम्बन्धमा नगरपालिकाले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउने ।

(११). जग्गा सम्याउँदा अनिवार्य साँध सँधियारको रोहवरमा सरजमिन तयार गरी अनुमति दिइनेछ ।

**८. उत्खनन परिमाण नियन्त्रण विधि :** उत्खनन गर्न निर्धारिण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्नु पर्ने छ ।

(१) अनुगमन समितिले निर्धारण गरेको घाट र परिमाणको सीमा भित्र रही उत्खनन आदेश दिनुपुर्व प्रविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा पहिलो पटक उत्खनन लाइन दिने ।

(२) यस बमोजिम उत्खनन भइ निकासी भएको स्थलमा कम्तीमा महिनाको १ पटक नगरपालिकाले अनुगमन गर्ने ।

(३) दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको अनुसूची १ बमोमिको ढाँचामा दैनिक उत्खनन अभिलेख राख्ने ।

**९ नदीजन्य तथा अन्य पदार्थको निकासी मूल्य निर्धारण सम्बन्धी व्यवस्था :**
नदीजन्य पदार्थ तथा अन्य पदार्थको निकासी मूल्य प्रदेश कानून बमोजिम हुनेछ र प्रदेश कानूनमा नतोकिएसम्म जिल्ला समन्वय समितिले तोकेको दररेट बमोजिम हुनेछ ।

**१०. अनुगमन सम्बन्धी व्यवस्था :**

(१) IEE/EIA प्रतिवेदनका सर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिको अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | अध्यक्ष |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ४. | कार्यपालिका सदस्यहरु मध्ये एक जना महिला | सदस्य |
| ५. | सम्बन्धित क्षेत्र हेर्ने नेपाल प्रहरी प्रमुख | सदस्य |
| ६ | सम्बन्धित क्षेत्र हेर्ने सशस्त्र प्रहरी प्रमुख | सदस्य |
| ७. | स्थानीय वन शाखा प्रमुख | सदस्य |
| ८. | योजना तथा सहरी विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) प्रमुख जिल्ला अधिकारी संयोजक रहेको नेपाल सरकारद्वारा गठित जिल्ला अनुगमन तथा समन्वय समितिले नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

(३) नजिकको स्थानीय वडा कार्यालयद्वारा अनुगमन, उत्खनन तथा ओसारपसारका सर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको नजिकको वडा कार्यालयले अनुगमन गर्न सक्नेछ ।

(४) अनुगमनको कार्यसूची : माथि उल्लिखित अनुगमन संयन्त्रले नदीजन्य पदार्थको उत्खनन तथा ओसारपसारका लागि यस कार्यविधिमा गरिएको सबै व्यवस्थाको परिपालना भए नभएको, निषेधित क्षेत्रमा चोरी उत्खनन नियन्त्रण, अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी उत्खनन नियन्त्रण, नदीजन्य पदार्थको राजस्व चोरी गरी हुन सक्ने ओसारपसार, अनुमति बेगर भारी यान्त्रिक औजारको प्रयोग गरी गरिने उत्खनन लगाएतका विषयमा अनुगमन गरी सर्त उल्लङ्घन गर्ने उपर कारबाही गर्न अनुगमन समितिको सचिवालयमा प्रतिवेदन दिन सक्नेछ ।

(५) अनुगमन कार्यमा लाग्ने खर्च सैनामैना नगरपालिकाको वातावरण संरक्षण विशेष कोषबाट व्यहोर्नु पर्नेछ ।

(६) अनुगमनका क्रममा सर्त उल्लङ्घन गरेको वा राजस्व चोरी गरी उत्खनन तथा ओसारपसार गरेको पाइएमा त्यस्ता उत्खननकर्ता वा ढुवानीकर्तालाई अनुगमन समितिको सिफारिसमा सैनामैना नगरपालिकाको निर्णय बमोजिम जरिवाना गरिने छ ।

(७) उपदफा (६) बमोजिम प्राप्त हुने जरिवानाको २५ प्रतिशतले हुने रकम पक्राउ कार्यमा सहयोग गर्ने सुराकी, प्रहरी वा अन्य कर्मचारीहरुलाई पुरस्कार स्वरुप प्रदान गरिनेछ ।

**११. विविध :**

(१) अन्य पदार्थ निकासी आदेश दिनु पूर्व चार सँधियारको उपस्थितिमा स्थलगत सरजमिन गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ उत्खनन गरिने स्थलमा अनुसूची ४ बमोजिमको सूचना बोर्ड राखी सरोकारवाला सबैलाई जानकारी दिनु पर्ने ।

(३) यो कार्यविधिलाई सैनामैना नगरपालिकाले आवश्यकता बमोजिम बेला बेलामा संशोधन गरी लागु गर्न सक्नेछ ।

(४) यो कार्यविधि लागु गर्ने क्रममा कुनै बाधा परेमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

(५) यो कार्यविधि संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**अनुसूची - १**

**सैनामैना नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बुद्धनगर, रूपन्देही**

**(वातावरण शाखा )**

**उत्खननकर्ताले राख्ने नदीजन्य पदार्थ तथा अन्य पदार्थको दैनिक उत्खनन अभिलेख**

**उत्खनन गर्ने स्थानको नाम :**

| सि.न. | उत्खनन गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ताको प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

## अनुसूची - २
## सैनामैना नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुद्धनगर, रूपन्देही
## (वातावरण शाखा,)
## उत्खनन क्षेत्र प्रवेश आदेश

उत्खनन क्षेत्रको नाम :

उत्खनन क्षेत्र प्रबेशको आदेश मितिः समय :

प्रवेश आदेश नं :

### नदी प्रवेश आदेश विवरण

१. नदीजन्य पदार्थ ओसारपसार गरी लैजाने नाकाको नाम :
ठेगाना : सम्पर्क फोन न.

२. ओसारपसार नदीजन्य पदार्थको नाम :

३. नदीजन्य पदार्थ ढुवानी गरी लैजाने साधन को नाम :
सवारी दर्ता नं. :

४. निकासी गरी लैजाने नदीजन्य पदार्थको परिमाण : घन फूट

५ ओसारपसार गरी लैजाने स्थान :

६. निकासी गरी लैजाने नदीजन्य पदार्थको प्रयोजन :
(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने )
(क) निजी निर्माण (ख) सार्वजनिक निर्माण (ग) प्रशोधनपछि बिक्री
(नोट : यो आदेश विना सवारी साधन नदीमा प्रवेश गर्न, नदीजन्य पदार्थको ओसारपसार गर्न र नदीजन्य पदार्थ सञ्चय वा भण्डारण गर्न निषेध गरिएको छ । कहीँ कतै त्यस्तो पाइएमा जिल्ला अनुगमन समितिको निर्णय अनुसारको जरिवाना र अन्य प्रचलित कानून बमोजिम सजाय समेत हुनेछ ।)

प्रवेश आदेश दिने कर्मचारी वा ठेकेदार प्रतिनिधिको नाम थर :

सही :

## अनुसूची - ३
## सैनामैना नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुद्धनगर, रूपन्देही
## (वातावरण शाखा )
## नदीजन्य पदार्थ तथा अन्य पदार्थको दैनिक पटके बिक्री अभिलेख तेरिज

नाका वा घाट भएको नदीको नाम :

नाका वा घाटको नाम :

मिति :

| सि. न. | निकासी मिति | पटके बिक्री आदेश नं | पटके बिकी भएको परिमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

नोट : यो फाराम उत्खनन स्थलबाट ठेकेदारले पटकै पिच्छे भरी दैनिक पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा नगरपालिका र जिल्ला समन्वय समितिको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

## अनुसूची - ४
## उत्खनन स्थलमा राख्नु पर्ने होर्डिङ्ग बोर्डको नमुना

(सैनामैना नगरपालिकाको दानव, कन्चन र इंगुरीया तथा घमाहा नदीहरु बाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE/EIA कार्यान्वयनका सन्दर्भमा उत्खनन स्थलमा सार्वजनिक जानकारीका लागि राखिएको)

### नदीजन्य पदार्थ उत्खनन गरिने स्थल र उत्खनन विवरण

१. नदीको नाम :

२. घाटको नाम :

३. उत्खनन गरिने परिमाण घ.फू. मा :

४. उत्खनन कार्यमा प्रयोग हुने साधन :

५. उत्खनन गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगाना :

६ उत्खनन गर्ने अवधि : मिति......./......../...... गतेबाट उल्लिखित परिमाण निकालुन्जेल वा ...................... सम्म रहनेछ ।

आज्ञाले
कृष्ण प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७४/१२/१४